मिति २०८३ वैशाख १ गतेदेखि २०८३ असार मसान्तसम्मको सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

क्र.स.	विवरण	व्यवस्था
१	निकायको स्वरुप र प्रकृति	कम्पनी ऐन, २०६३ वमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ वमोजिम कारोवार गर्ने गरी नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त कोशी प्रदेश कार्यक्षेत्र भएको “ख” वर्गको विकास बैंक हो ।
२	निकायको काम, कर्तव्य र अधिकार	बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ मा भए वमोजिमका काम, कर्तव्य र अधिकार रहेको छ ।
३	निकायमा रहने कर्मचारी सख्या र कार्य विवरण	हाल स्थायी, अस्थायी, करार समेत गरि जम्मा कर्मचारी सख्या २८३ रहेको र बैंकले तोकेको कार्यहरु विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत सम्पादन भइरहेका छ ।
४	निकायबाट प्रदान गरिने सेवा	बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ वमोजिम प्रदेश स्तरको “ख” वर्गको विकास बैंकले दिन सक्ने सम्पूर्ण बैंकिङ्ग सेवाहरु प्रदान गरिरहेको छ ।
५	सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी	सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण बैंकको वेवसाईट www.edb.com.np मा उपलव्ध छ ।
६	सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि	दस्तुर सम्बन्धमा विकास बैंकले विनियममा उल्लेख भए अनुसार तथा पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गरे वमोजिम र अवधिको हकमा कामको प्रकृति अनुसार फरक पर्नेछ ।
७	निर्णय गर्ने प्रकृया र अधिकारी	बैंकिङ्ग कारोवारका सम्बन्धमा विभिन्न प्रकारका निर्णयहरु विभिन्न तहका अधिकारीहरुले गर्न सक्ने प्रकृया मिलाइएको छ । नियमित कार्य संचालन सम्बन्धमा प्रमुख कार्यकारी अधिकृत तथा विकास बैंकको सञ्चालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ ।
८	निर्णय उपर उजुरी सुन्ने अधिकारी	प्रमुख कार्यकारी अधिकृत डा. ईन्द्रकुमार कट्टेल एक्सेल डेभलपमेन्ट बैंक लिमिटेड, केन्द्रीय कार्यालय, विर्तामोड, झापा । फोन नं. ०२३ ५३४०१०
९	सम्पादन गरेको कामको विवरण	बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ वमोजिम प्रदेश स्तरको “ख” वर्गका विकास बैंकहरुले गर्न सक्ने दैनिक कारोवारहरु सम्पादन भईरहेको छ ।
१०	सुचना अधिकारी र प्रमुखको नाम र पद	सूचना अधिकारी : श्याम वहादुर वोहोरा (कम्पनी सचिव) र प्रमुख : डा. ईन्द्रकुमार कट्टेल (प्रमुख कार्यकारी अधिकृत)
११	ऐन, नियम, विनियम वा निर्देशिकाको सूची	प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरु वित्तीय संस्थाले पालना गर्नु पर्ने हुन्छ भने देहाय वमोजिमको नियम, विनियम र निर्देशिकाहरु बैंकिङ्ग कार्यको लागि प्रमुख रुपमा रहेका छन । (१) बेंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ (२) नेपाल राष्ट्र बैंक ऐन, २०५८ (३) बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ (४) कम्पनी ऐन, २०६३ (५) बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ (६) सम्पत्ति शुद्धिकरण निवारण ऐन, २०६४ (७) धितोपत्र सम्बन्धि ऐन, २०६४ (८) सुरक्षित कारोवार ऐन, २०६३ (९) मुलुकी देवानी संहिता, २०७४ (१०) विनिमय अधिकारपत्र ऐन, २०३४ (११) विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (१२) आयकर ऐन, २०५८ (१३) धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी निर्देशिका,२०७३ (१४) उपरोक्त ऐन वमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु (१५) नेपाल राष्ट्र बैंकबाट विभिन्न समयमा जारी गरिएका सम्पूर्ण निर्देशन तथा परिपत्रहरु)१६) बैंकले तयार गरि जारी गरेका नीति, निर्देशिका, कार्यविधि तथा विनियमहरु
१२	आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण	बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्र पत्रिकामा प्रकाशित हुदै आएको छ भने वित्तीय संस्थाको वेभसाईट www.edb.com.np मा समेत ती विवरणहरु राखिएको छ ।
१३	तोकिए वमोजिमका अन्य विवरण	बैंकले आवश्यकता वमोजिमका विवरणहरु नियमित रुपमा सम्वन्धित निकायहरुमा पेश गरिने तथा सार्वजनिक प्रकाशन गरिने व्यवस्था रहेको ।
१४	अघिल्लो आ.व.मा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण	यस बैंकले बैकिङ्ग कारोवार सम्बन्धी कार्य गर्दै आएको छ । विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना संचालन गरेको छैन ।
१५	सार्वजनिक निकायको वेवसाईट भए सो को विवरण	यस बैंकको वेवसाईट www.edb.com.np हो ।
१६	सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र संझौता सम्बन्धी विवरण	नभएको ।
१७	सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन	बैंकले त्रैमासिक रुपमा आर्थिक विवरण र वार्षिक प्रतिवेदन प्रकाशित गर्ने गरेको र बैंकको वेवसाईटमा पनि उपलव्ध गराईएको छ ।
१८	सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि	नभएको ।
१९	सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण	यस अवधिमा कुनै सूचना माग सम्बन्धि निवेदन प्राप्त नभएको ।
२०	सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सो को विवरण	वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित भई बैंकको वेभसाईटमा समेत राखिएको छ । साथै बैंकको आर्थिक विवरणहरु त्रैमासिक रुपमा राष्ट्रिय स्तरको पत्र पत्रिकामा प्रकाशित गरि वेवसाईटमा समेत राखिएको छ ।
२१	सूचना तथा गुनासो सुनुवाई डेस्क	बैंकको केन्द्रीय कार्यालयमा सूचना अधिकारी/मानव संशाधन विभाग प्रमुखको संयोजकत्वमा सूचना तथा गुनासो सुनुवाई डेस्क रहेको ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था (कोशी प्रदेश कार्यक्षेत्र भएको)
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np